अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## नेपालका लागि विश्व बैंकको अन्तरिम सहायता रणनीति

उच्च शिक्षाका लागि ६ करोड अमेरिकी डलर अनुदान बोर्डबाट स्वीकृत

**वासिंङटन डि.सि., २०६३ फाल्गुन १० गते ।** "नयाँ नेपाल" सिर्जना गर्ने नेपाली जनआकांक्षालाई समर्थन जनाउँदै गत चैत देखि खुलेका ऐतिहासिक सम्भावनाहरुलाई सहयोग पुऱ्याउने गरी विश्व बैंकले आफ्नो सहायताको अन्तरिम रणनीति आज यहाँ छलफल गऱ्यो ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी र सात दलबीचको शान्ति सम्झौतालाई स्वागत गर्दै विश्व बैंकले शान्ति प्रक्रियाको सफलता सुनिश्चित गराउने प्रयोजनका लागि आफ्नो सहयोग जुटाउने प्रतिबद्धता दोहोऱ्याको छ ।

"तर अगाडिको बाटो जोखिमपूर्ण नभएको होइन," बैंकका कार्यकारी निर्देशकहरुले आज छलफल गरेको अन्तरिम रणनीति पत्रमा उल्लेख छ । "छोटो अवधिका लागि राजनीतिक अवस्था तरल नै रहनेछ र संविधानसभाको सफल निर्वाचन नभएसम्म र सबै पक्षले त्यसको परिणाम स्वीकार नगरेसम्म अस्थिर नै रहने सम्भावना छ ।"

राजनीतिक अवस्थासँग गाँसिएको अनिश्चितता र तरलतालाई हेर्दा तीनवटा बृहत् परिदृश्यले बैंकले आफ्नो सहायता रणनीति तयार गर्ने सम्भावनाहरूको शृङ्खलालाई समेट्नेछन् ।

- उत्कृष्ट अवस्थातर्फको परिदृश्य, अर्थात नयाँ नेपालतर्फको *'स्थिर सङ्क्रमण'* मा देश दिगो शान्ति (सहमत मार्गचित्रमा आधारित) तथा राम्रोसँग काम गरिरहेको प्रजातन्त्र र द्रुत गतिमा विकासतर्फ निरन्तर अगाडि बढ्नेछ ।
- निकृष्ट अवस्थाको परिदृश्य अर्थात् *'विकृति'* मा राज्यले आफ्ना आधारभूत कामहरू गर्न सक्न छोड्नेछ र देश पुनः व्यापक गृहयुद्धतर्फ धकेलिनेछ ।
- यी दुई चरम अवस्थाहरूका बीच मध्यम खालको स्थायित्व कायम राख्ने थुप्रै परिदृश्यहरू छन् तर विकासका कार्यक्रमहरूतर्फ वा खासगरी शान्ति प्रक्रिया विवादास्पद विषयमा आइपुगेपछि तिनले आधारभूत विषयहरूको समाधानतर्फ तिनले प्रगति हासिल गर्नेछैनन् । इतिहासलाई पनि निर्देशक मान्ने हो भने *'अवरुद्ध सङ्क्रमण'*

लामो अवधिसम्म सम्भव छ तर दीर्घकालीन रूपमा यो टिकिरहन सक्दैन, किनभने ढिलो वा चाँडो देशले द्वन्द्वका आधारभूत विषयहरूलाई सामना गर्न बाध्य हुनुपर्ने हुन्छ ।

"निसन्देह, बैंक नेपालको विकास प्रक्रियाका साथै शान्ति निर्माण र राज्य निर्माणमा यथासम्भव व्यावहारिक रूपबाट निरन्तर संलग्न रहनेछ,"अन्तरिम रणनीति पत्रमा उल्लेख छ । "त्यसैगरी बैंक लचकदार हुनुपर्ने र स्थितिमा परिवर्तन आएमा तुरुन्त त्यसअनुरूप आफूलाई ढाल्न सक्षम हुनु आवश्यक छ । हुर्किरहेको शान्तिलाई बल प्रदान गर्नामा मद्दत गर्न द्रुत गतिमा तयार हुन बैंक र विकासका अरू सहकर्मिहरूका लागि आवश्यक हुन्छ, किनभने त्यसो गर्न असमर्थ भएमा महत्वपूर्ण अवसर गुम्नेछ ।"

*"नेपालको शान्ति प्रक्रियामा बैंकका कार्यकारी निर्देशकहरुको पूर्ण समर्थन छ र हाल सम्मको प्रगतिबाट वहाँहरु उत्साहित पनि हुनुहुन्छ,"* **नेपालका लागि बैंकका निर्देशक श्री केन ओहाशी** भन्नु हुन्छ । *" तर उत्कृष्ट परिदृश्यमा पनि नेपालको नेतृत्व राजनीतिक कार्यक्रममै केन्द्रित रहने ठूलो जोखिम रहेको छ । विकासका कार्यक्रमलाई ध्यान नदिने प्रवृत्ति देशको दीर्घकालीन आवश्यकताका लागि मात्र होइन दिगो शान्ति हासिल गर्ने अल्पकालीन राजनीतिक लक्ष्यका लागि पनि हानिकारक हुन सक्छ । सरकारले आर्थिक अवस्था र सार्वजनिक सेवामा सुधार आएको कुरा देखाउन नसके जनसङ्ख्याले धैर्य गुमाउन सक्छ र राजनीतिक स्थितिलाई समाधान हुने सम्भावना कम हुन सक्छ ।"*

सामान्यतया बैंकको रणनीति लचकदार हुनु आवश्यक छ, तर विगतका सुधारका लाभ संरक्षण गर्ने तथा महत्वपूर्ण द्वन्दपछिको कार्यका लागि तयार हुनामा सरकारलाई मद्दत गर्नेतर्फ केन्द्रित हुनुपर्छ । बैंक नयाँ आयोजनाहरूका लागि प्रतिबद्ध रहनेछ । ती आयोजनाहरूमध्ये धेरै व्यापक सामुदायिक संलग्नतामा आधारित हुनेछन् भने अरूले द्रुत वृद्धिका लागि बलियो जग निर्माण गर्नेछन् । सरकारसँग मात्र होइन व्यापक सरोकारवालाहरूसँग सञ्चालन गरिने विश्लेषणात्मक कार्यसहितको बलियो संवाद जारी रहनेछ- खासगरी समावेशीकरण, राज्य निर्माण र वृद्धिमा ।

बैंकले नयाँ राष्ट्रिय दृष्टिकोण तयार गर्नामा तथा द्वन्दपछिको समयका प्रमुख आर्थिक कार्यक्रमको विकासमा पनि सहयोग उपलब्ध गराउनेछ । त्यस्तो राष्ट्रिय दृष्टिकोण राजनीतिक परिवर्तनद्वारा परिचालित सामाजिक ऊर्जातर्फको एकीकृत दिशा दिन आवश्यक छ । शान्ति प्रक्रियाको कार्यान्वयन, सुधारको कार्यान्वयन वा द्वन्द्वपछिको कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित अवसरहरू आएमा र परिस्थिति सकारात्मकतातर्फ उन्मुख भएमा बजेट सहयोग लगायत अतिरिक्त बैंक सहायता उपलब्ध गराउन सकिनेछ । त्यस्ता अवसरहरूले राज्यको क्षमता निर्माण र दाताहरूबीच समन्वय ल्याउनामा महत्वपूर्ण बाटो उपलब्ध गराउनेछ । समावेशका अतिरिक्त बैंकको रणनीति आर्थिक वृद्धिलाई तीव्र बनाउन तथा रोजगारी सृजना गर्नामा नेपाललाई सहयोग गर्नेतर्फ पनि केन्द्रित रहनेछ । स्थिति खराब भएमा बैंकको सहयोग बढी छनोटपूर्ण हुनु आवश्यक छ तर बैंकले द्वन्दमा पनि दिगो रहेका समुदायमा आधारित पहलहरूलाई भने निरन्तर सहायता गरिरहनेछ ।

सहायताको अन्तरिम रणनीति माथिको छलफलसँगै बोर्डले दोस्रो उच्च शिक्षा आयोजनालाई अनुदान स्वरुप ६ करोड अमेरिकी डलर उपलब्ध गराउने निर्णय गरेको छ। यो अनुदान सहायता उच्च शिक्षाको गुणस्तर बढाउने र यसलाई समयानुकूल सान्दर्भिक बनाउने कार्यहरुमा खर्च गरिनेछ। अनुदान राशिबाट संबद्ध क्याम्पसहरुको आर्थिक दिगोपन बढाउने कार्यमा तथा सामूदायिक क्याम्पसको पूर्वाधार विकासमा सहयोग पुग्ने अपेक्षा राखिएको छ। शैक्षिक रुपमा सबल तर आर्थिक रुपमा पिछडिएका वर्गका विद्यार्थी, खासगरी महिला, दलित र पिछडिएका जनजातीलाई वित्तिय सहायता मार्फत उच्च शिक्षामा सहायता पुऱ्याउने पनि यो आयोजनाले लक्ष्य राखेको छ।

यो सहायता विश्व बैंकको सहुलियतपूर्ण सहायता अङ्ग अन्तराष्ट्रिय विकास सस्थाबाट प्राप्त हुनेछ।

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*

*दोस्रो उच्च शिक्षा आयोजनाबारेमा थप जानकारीका लागि*
*http://www.worldbank.org.np/external/projects/main?pagePK=64283627&piPK=73230&theSitePK=223555&menuPK=286969&Projectid=P090967*